नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४२ | अंक ७ | नेपाल राष्ट्र बैंक समाचार | चैत २०७४ | मार्च-अप्रिल २०१८

# गभर्नर डा. नेपालद्वारा बैंकका कार्यालयहरू तथा वार्षिकोत्सव समारोहको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १९ गते नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको रुपन्देही जिल्लास्थित मंगलापुर र रामापुर कलौनी तथा कपिलवस्तु जिल्लास्थित जीतपुर ४ नं. शाखा कार्यालयको समुद्घाटन गर्नुभयो ।



कार्यक्रममा गभर्नर डा. नेपालले प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै भैरहवा र बुटवल क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति अन्य क्षेत्रको भन्दा बढी मात्रामा रहेको बताउनु भयो । बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सुशासन कायम राख्न र नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न जोड दिनुहुँदै उहाँले सर्वसाधारणलाई आत्मनिर्भर बन्नु पर्ने अवस्थामा भौतारिएर विदेश पलायन हुन नहुने र जे सीप छ त्यसैलाई सही ढंगले सदुपयोग गरी बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय सहयोग मार्फत रोजगारी सिर्जना गर्नेतर्फ लाग्न सुझाव दिनुभयो ।

जनताबाट उठाइने निक्षेप रकमबाट ऋण लगानी योग्य रकम छुट्याइने भएकोले उहाँले सर्वसाधारणलाई घरमा पैसा राख्नुको सट्टा बैंकमा पैसा राख्न आग्रह गर्नुभयो । सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्दै संस्थालाई अनुशासित, मितव्ययी बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारी सबैको आ-आफ्नै प्रकारको भूमिका रहने हुनाले यसतर्फ विशेष ध्यान दिन उहाँले आग्रह गर्नुभयो ।

कृषिजन्य वस्तुहरू उत्पादनमा प्रचुर मात्रामा संभावना हुँदाहुँदै पनि कृषिको आधुनिकीकरण, उच्च प्रविधि र प्राविधिक पक्षको विकास गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेकोले कृषि क्षेत्रमा आउँदा दिनमा बढी ध्यान दिनु पर्ने पनि उहाँले सो कार्यक्रममा बताउनु भयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन सल्लाह दिनुभयो । उहाँले उत्पादनमूलक व्यवसायमा प्राथमिकताका साथ लगानी गरी देशको आर्थिक अवस्थालाई उकास्न कदम चाल्नु पर्ने कुरामा जोड दिनुभयो । नेपालमा लगानीको लागि प्रचूर मात्रामा संभावना रहेकोले अवसरहरुको सदुपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तिहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।

मुलुकमा प्रादेशिक तथा स्थानीय तहको सरकार निर्माण भइसकेको सन्दर्भमा हरेक व्यावसायिक क्रियाकलापमा स्थानीय जनता नै सक्रिय भएर लागेमा देश र स्थानीय क्षेत्रको विकास हुने कुरा उहाँले बताउनु भयो । देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा उल्लेख गर्दै उहाँले बैंकहरुको शाखा कार्यालय विस्तार कार्यले बैंकिङ गतिविधि थप क्रियाशील हुने विश्वास व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा मन्तव्य राख्दै सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले स्थानीय आर्थिक गतिविधिका बारेमा जानकारी दिनुभएको थियो ।

गभर्नर डा. चिरंजीबि नेपालले बिजनेश न्यूज मिडिया प्रा. लि. को नवौं वार्षिकोत्सवको उपलक्ष्यमा फागुन २० गते बुटवलमा आयोजित “प्रदेश ५ को समृद्धिका लागि साझेदारी विषयक आर्थिक बहस” विषयक अन्तरक्रिया कार्यक्रमको समुद्घाटन गर्नुभयो ।



बाँकी २ पेजमा

१ पेजको बाँकी

## गभर्नर डा. नेपाल...

उक्त कार्यक्रममा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाले लिने व्याजदर लगायत अधिकांश विषयहरु बैंक र ऋणी बीचको सम्झौता अनुरुप हुने बताउनु भयो । ऋणीलाई जानकारी नै नदिई व्याजदर परिमार्जन गर्ने गरेको जनगुनासो तर्फ संकेत गर्दै उहाँले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई ऋणको व्याजदर छिटो छिटो परिवर्तन गर्न नपाउने व्यवस्था गरेको जानकारी दिनुभयो । बैंक तथा वित्तीय संस्थाहरुबाट गरिने व्याजदर परिमार्जन समय अनुकूल हुने भएकोले त्यसबाट पर्ने असर सबैले मिलेर सामना गर्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

स्थानीय क्षेत्रको विकासका लागि स्थानीय बासिन्दा नै लाग्नुपर्ने र देशले अवलम्बन गरेका स्थानीय, प्रादेशिक र केन्द्रीय स्तरमा हुने नीति निर्माणले देश विकास हुने बताउनु हुँदै हाल निर्माण भइरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समयमा सम्पन्न गर्न सकेको खण्डमा यस क्षेत्रको विकासमा ठूलो योगदान पुग्ने कुरा पनि उहाँले बताउनु भयो ।



छिमेकी मुलुकका प्रान्तहरूले आफ्नो क्षेत्रमा गरेका विकासको उदाहरण दिनुहुँदै उहाँले छिमेकी मुलुकको असल कुराको सिको गर्नुपर्ने धारणा राख्नुभयो । आफ्नो क्षेत्रको विकास गर्न आफै खट्नुपर्ने, विशेष गरी स्थानीय निकायको उपस्थितिले विकासको ढोका खोल्ने बताउनु हुँदै स्थानीय निकायका पदाधिकारीहरु सुविधाभोगी हुनुभन्दा पनि देश र स्थानीय विकासका लागि लाग्नु पर्ने उहाँले उल्लेख गर्नुभयो ।

देशको आर्थिक तथा वित्तीय स्थितिका सम्बन्धमा जानकारी दिनुहुँदै गभर्नर डा. नेपालले समय समयमा उब्जिने समस्याको पहिचान गरी समाधानतिर लागेमा सबै क्षेत्रको विकास चाँडो हुने बताउनु भयो । प्रदेश ५ मा रहेका पर्यटकीय स्थलहरुलाई सबै मिलेर आकर्षणको केन्द्रविन्दु बनाइ अगाडि बढ्न सकिने धारणा पनि उहाँले राख्नुभयो ।

कार्यक्रममा सभासद्हरु, नगरपालिका प्रमुखहरु, समाजसेवीहरु, बुद्धिजीवी, औद्योगिक व्यवसायी, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, पर्यटन व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु र नेपाल राष्ट्र बैंकका पदाधिकारीको सहभागिता रहेको थियो ।

# AML/CFT सम्बन्धी आवासीय कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले AML/CFT सम्बन्धी समसामयिक विषयमा एकाइका कर्मचारीहरु तथा विदेशी विनिमय व्यवस्थापन विभाग, सुपरिवेक्षण विभागहरु, बैंक तथा वित्तीय संस्था नियमन विभाग, सूचना प्रविधि विभाग, भुक्तानी प्रणाली विभाग र राष्ट्र ऋण व्यवस्थापन विभागमा कार्यरत यस विषयसँग सम्बन्धित कार्यमा संलग्न कर्मचारीहरुको कार्य क्षमता अभिवृद्धि गर्ने अभिप्रायले फागुन २३ र २४ गते काठमाडौंमा २ दिने आवासीय तालिम कार्यक्रम सम्पन्न गर्‍यो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठले वित्तीय जानकारी एकाइ नेपाल राष्ट्र बैंक अन्तरगत रहे पनि कार्यात्मक रुपले स्वायत्त भएको र यसको दायरा बैंक तथा वित्तीय संस्थाहरु मात्र नभएर बिमा, सहकारी, धितोपत्र दलाल, मनिचेञ्जर, क्यासिनो, घरजग्गा कारोबारका अभिकर्ताहरु आदि समेत भएकाले सबैबाट नियमित रिपोर्टिङ हुनु पर्ने र नभएमा नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाउनु पर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो ।

वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले "वित्तीय जानकारी एकाइका काम कारवाही र नेपाल राष्ट्र बैंकका विभिन्न विभागहरुसँगको सम्बन्ध" विषयक कार्यपत्र प्रस्तुत गर्नु हुँदै सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसँग सम्बन्धित नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरुको औचित्य स्पष्ट पार्नुभयो । अनलाइन बैंकिङ प्रणालीको विकास द्रुत गतिमा भइरहेको तर्फ इंगित गर्दै उहाँले भुक्तानी प्रणाली विभागबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाइ समेत AML/CFT सम्बन्धी निर्देशन जारी गरेर अघि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो । उहाँले सुपरिवेक्षण विभागहरुले बैंक तथा वित्तीय संस्था सुपरिवेक्षणको क्रममा वित्तीय जानकारी एकाइमा प्रेषित गर्नुपर्ने विवरणहरु समयमा पेश गरे/नगरेको तर्फ विशेष ध्यान पुर्‍याउनु पर्ने विचार पनि राख्नुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक देवेन्द्र गौतमले स्वागत मन्तव्य राख्नु भएको र सहायक निर्देशक विनय सिग्देलले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा बाह्य विशेषज्ञ सुरेन्द्र थापाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले नेपालको सन् २०२० मा हुने पारस्परिक मूल्यांकनमा उठान हुन सक्ने विषयवस्तुको सम्बन्धमा समेत चर्चा गर्नु हुँदै विद्यमान ऐन, कानुनहरुको प्रभावकारितामा ध्यान दिनु पर्ने तर्फ सजग रहन सुझाव पनि दिनु भएको थियो ।

# धनगढीमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया

अनुसन्धान विभाग, मूल्य महाशाखाले कैलाली जिल्लाको धनगढी बजारकेन्द्रमा फागुन ६ गते मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले कुनै पनि मुलुकको केन्द्रीय बैंकको प्रमुख उद्देश्य देशमा मूल्य स्थिरता कायम राख्ने र सोही अनुरूप मौद्रिक नीतिलाई परिचालित गर्ने भए जस्तै नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले पनि वार्षिक मौद्रिक नीति निर्माण गर्दा मूल्य स्थिरतालाई प्रमुख लक्ष्य बनाउने गरेको जानकारी दिनुभयो ।




देशको समग्र मूल्य स्थितिको मापन एवम् विश्लेषण गर्न परिसूचकको रूपमा मुद्रास्फीतिदरलाई अवलम्बन गर्दै आएको र परिसूचक निर्माण गर्न वस्तु डालोमा छनौट गरिएका विभिन्न वस्तु तथा सेवाहरूको मूल्य तथ्याङ्क आवश्यकता पर्ने हुँदा ती मूल्य तथ्याङ्क उपलब्ध गराउने मूल्य प्रदायक स्रोतधनीहरूको महत्वपूर्ण भूमिका रहने उहाँले बताउनु भयो । अन्तरक्रिया कार्यक्रमबाट सानातिना व्यवसायीहरूले भोग्नु परेका विविध प्रशासनिक एवम् आर्थिक समस्याहरू उजागर भई समाधान गर्नको लागि सम्बन्धित निकाय समक्ष आवश्यक पहल गर्न सकारात्मक वातावरण सिर्जना हुने उल्लेख गर्दै उहाँले कार्यक्रमका सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभयो ।

नेपाल राष्ट्र बैंकले धनगढी बजारकेन्द्र लगायतबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलन तथा सोको प्रशोधन गर्न अपनाइएका विधिहरू, मूल्य तथ्याङ्कको उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक राजेन्द्रप्रसाद मैनालीले गर्नु भएको थियो ।

कार्यक्रममा धनगढी कार्यालयका उपनिर्देशक दीर्घ रावलका साथै कैलाली उद्योग वाणिज्य संघका उपाध्यक्ष गजराज पाण्डे, पञ्चोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक पदमसिंह कुँवर, शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक त्रिलोचन उपाध्याय लगायतको उपस्थिति रहेको थियो ।

# बैतडीमा वित्तीय साक्षरता कार्यक्रम

संस्थागत योजना विभागको आयोजनामा प्रदेश नं. ७ को बैतडी जिल्लास्थित श्री दानेश्वर उच्च माध्यमिक विद्यालय, बाराकोटमा "वित्तीय साक्षरता सम्बन्धी" कार्यक्रम फाल्गुण ६ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्वन्धी कार्यपत्र प्रस्तुत गर्दै संस्थागत योजना विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगानाले वित्तीय चेतना प्रवर्द्धन अहिलेको आवश्यकता रहेको सन्दर्भमा वित्तीय चेतना अभिवृद्धिको विषय नेपाल राष्ट्र बैंकको उच्च प्राथमिकतामा रहेको र विद्यार्थी पुस्ता नै यो देशको निर्माता भएको हुँदा सानैदेखि उनीहरूमा वित्तीय चेतना प्रवाह गरेर उद्यमशील नागरिक तयार गरिएमा भोलि देशको समृद्धिका लागि योगदान पुग्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले वित्तीय चेतनाको महत्व, बैंक तथा वित्तीय संस्थाको कार्य, नेपालको वित्तीय प्रणाली, बैंक खाता, वचत, बैंक कर्जा, आम्दानी अनुसार बजेट निर्माण, बीमा, सफा नोट, विप्रेषणको उत्पादनशील उपयोग, सेयर, विदेशी विनिमय, विद्युतीय बैंकिङ, बैंक कर्जाको सदुपयोग, लघु कर्जा, विना धितो महिला समूह कर्जा र विदेशको कमाइ (रेमिट्यान्स) लाई उत्पादनशील उपयोग गर्ने, बीमा र वित्तीय क्षेत्रमा उपयोगमा आएका प्रविधिहरु विषयमा पनि प्रकाश पार्नुभयो ।



उक्त कार्यक्रममा संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारीले वित्तीय शिक्षा आजको आवश्यकता भएकोले विद्यार्थी अवस्थादेखि नै यसतर्फ सचेत बनाउन नेपाल राष्ट्र बैंकले मुलुकका विभिन्न विद्यालयहरुमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सुरु गरेको जानकारी गराउँदै कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा श्री दानेश्वर उच्च माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक हरकसिंह विष्टले कार्यक्रमको सराहना गर्दै वित्तीय क्षेत्र सम्बन्धी विभिन्न क्षेत्रहरुका बारेमा ज्ञान हासिल गर्न पाएकोमा नेपाल राष्ट्र बैंकप्रति आभार प्रकट गर्नुभएको थियो । कार्यक्रमले विद्यार्थीहरु

बाँकी ४ पेजमा

# बजेट तथा कार्य योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन गोष्ठी




संस्थागत योजना विभागको आयोजनामा फागुन ३ गते प्रदेश नं ७ स्थित नेपाल राष्ट्र बैंकको धनगढी कार्यालयमा "बजेट तथा कार्य योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन गोष्ठी" सम्पन्न भयो ।

उक्त गोष्ठीमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगानाले बैंकको उद्देश्य हासिल गर्न तथा विश्वसनीयता कायम राख्न र बैंकले लिएको दुरदृष्टि र लक्ष्य हासिल गर्न पर्याप्त बजेट विनियोजन गर्दै आएको र अनुत्पादक क्षेत्रहरुमा खर्च मितव्ययिता अपनाउँदै आइएकोमा आगामी दिनमा पनि यी पक्षहरुमा अझ थप प्रभावकारी रुपमा कसरी अगाडी बढ्न सकिन्छ भन्नेतर्फ गोष्ठी केन्द्रित रहेको बताउनु भयो ।

उहाँले गोष्ठी आयोजनाबाट एकातर्फ बैंकको विभाग र कार्यालयहरुको काममा दोहोरोपन नआउने तथा बजेट व्यवस्थापनमा एकरुपता आउने र विभाग र कार्यालयहरुको आपसी समन्वयमा कार्यदक्षता, कार्य सम्पादन एवं प्रभावकारितामा सकारात्मक प्रभाव पर्नुका साथै बैंकको खर्चमा मितव्ययिता आई बैंकको उत्पादकत्वमा गुणात्मक सुधार हुने कुरा बताउनु भयो । उहाँले बजेट तथा कार्य योजना तर्जुमा, कार्यान्वयन एवम् समीक्षाका क्रममा देखिएका चुनौतीहरु र बजेट तथा कार्य योजनासँग सम्बन्धित निर्देशिकाहरुको व्यवस्था सम्बन्धमा कार्यपत्र पनि प्रस्तुत गर्नुभयो ।

सोही गोष्ठीमा बजेट कार्यान्वयनका सम्बन्धमा आन्तरिक लेखापरीक्षणमा देखिएका समस्याहरु




र समाधानका उपायहरु सम्बन्धमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम ढुंगानाले पनि कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गोष्ठीका संयोजक एवम् संस्थागत योजना विभागका निर्देशकसुमनकुमार अधिकारीले गोष्ठीबाट प्राप्त सुझावहरुको कार्यान्वयनबाट बजेट तर्जुमा एवम् विनियोजित बजेटको खर्च प्रणालीमा थप सुदृढीकरण आउने र परिणामस्वरुप आगामी दिनमा केन्द्रीय बैंकको गरिमा एवम् विश्वसनीयता वृद्धिमा सघाउ पुग्न जाने आशा गरिएको बताउनु भएको थियो । धनगढी कार्यालयका कायम मुकायम निर्देशक रमेश आचार्यले पनि मन्तव्य राख्नु भएको थियो ।

उपनिर्देशक गोविन्दप्रसाद नागिलाले सन्चालन गर्नु भएको उक्त गोष्ठीमा सहभागीहरुसँग बजेट तथा कार्य योजना तर्जुमा, कार्यान्वयन र समीक्षा प्रतिवेदन पेश गर्ने कार्यमा देखिएका समस्याहरु सम्बन्धमा विस्तृत छलफल गरिएको थियो । बैंकको बजेट तथा कार्य योजना तर्जुमा र खर्च प्रणालीसंग प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न विभाग, महाशाखा, एकाइ र कार्यालयहरुमा बजेट तर्जुमा एवम् कार्यान्वयनको सिलसिलामा देखिएका समस्याहरुमा छलफल गरी समाधान गर्ने उद्देश्य उक्त गोष्ठीको रहेको थियो ।

३ पेजको बाँकी

## बैतडीमा वित्तीय...

मात्र नभई आफूहरु पनि लाभान्वित भएको र कार्यक्रममा सिकेका विषयलाई व्यवहारमा उतार्न प्रयत्न गर्ने उहाँले बताउनु भएको थियो । विद्यार्थीको तर्फबाट छात्रा नितु विष्टले कार्यक्रमबाट आफूहरु लाभान्वित भएको विचार व्यक्त गर्नुभएको थियो । धनगढी कार्यालयका कायम मुकायम निर्देशक रमेश आचार्यका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका शिक्षक शिक्षिकाहरु र कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीहरुको उपस्थिति रहेको कार्यक्रममा बैंकको तर्फबाट विद्यालयलाई Nepal Rastra Bank Then and Now, पैसाको बोट, विद्यार्थीसँग नेपाल राष्ट्र बैंक जस्ता वित्तीय चेतनामूलक पुस्तकहरु पुस्तकालय प्रयोजनका लागि हस्तान्तरण गरिएको थियो ।

# मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया

अनुसन्धान विभाग, मूल्य महाशाखाले मोरङ जिल्लाको बिराटनगर बजारकेन्द्रमा फागुन २४ गते र उर्लाबारी बजारकेन्द्रमा फागुन २६ गते "मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम" सम्पन्न गरेको छ ।




बिराटनगर बजारकेन्द्रको कार्यक्रममा अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरूका बारे संक्षिप्त वार्ता प्रस्तुत गर्नुका साथै कार्यक्रमका सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई समेत सम्बोधन गर्नुभयो । बिराटनगर कार्यालयका निर्देशक बिनोदराज आचार्यले मन्तव्य सहित कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि एवम् सहभागीहरूलाई धन्यवाद दिनुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंकले बिराटनगर बजारकेन्द्र लगायतबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, मूल्य तथ्याङ्कको उपयोगिता एवम् मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मोरङ व्यापार संघका उपाध्यक्ष सुशील जोशी, महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक चन्द्रप्रसाद साह तथा बिराटनगर बजारकेन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी, सोही जिल्लाकै उर्लाबारी बजारकेन्द्रमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मूल्य तथ्याङ्कसँग जोडिएका विविध पक्षहरूका बारेमा मन्तव्य प्रस्तुत गर्नुका साथै कार्यक्रममा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभयो ।

उर्लाबारी उद्योग वाणिज्य संघका अन्य प्रतिनिधिहरू, राधिका माध्यमिक विद्यालयका प्रधानाध्यापक कुमार पोखरेल तथा उर्लाबारी बजारकेन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको सो कार्यक्रममा नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलनका विधिहरू, मूल्य तथ्याङ्कको उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उक्त दुबै अन्तरक्रिया कार्यक्रमहरू सहायक निर्देशक सुन्दर खड्काले सञ्चालन गर्नुभएको थियो । दुबै कार्यक्रममा अतिथिको रूपमा मन्तव्य राख्दै मोरङ व्यापार संघका उपाध्यक्ष सुशील जोशी र उर्लाबारी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष तारामान सेरेङले नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने भएकोले सम्पूर्ण व्यवसायीहरूलाई बैंकले मागेको समयमा बिना हिच्किचाहट यथार्थ मूल्य तथ्याङ्क दिन अनुरोध गर्नुभएको थियो ।




# सिद्धार्थनगर कार्यालयमा अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले फागुन २७ गते रुपन्देही जिल्लामा रहेका वाणिज्य बैंकका शाखा प्रबन्धक तथा व्यावसायिक कृषक लगायत सरोकारवालाहरुको सहभागितामा समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।

उक्त कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले व्यावसायिक कृषि कर्जाको सम्बन्धमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकले गरेका नीतिगत व्यवस्थाहरुको बारेमा जानकारी गराउँदै कृषि कर्जा सहज रुपमा उपलब्ध गराउने सम्बन्धमा देखिएका समसामयिक चुनौतीहरु तथा समाधानको चर्चा गर्नुभयो ।

कार्यक्रममा स्थानीय वाणिज्य बैंकका शाखा प्रबन्धक तथा स्थानीय व्यावसायिक कृषकहरुले उठाएका समस्या तथा जिज्ञासाहरुलाई पनि निर्देशक पौडेलले सम्बोधन गर्नुभयो । कार्यक्रममा वाणिज्य बैंकका शाखा प्रबन्धकहरु, स्थानीय व्यावसायिक कृषकहरु, बैंकका अधिकृत तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# AML/CFT सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले माघ २६ गते काठमाडौंमा धितोपत्र दलालहरुसँग "AML/CFT कार्यान्वयनका सम्बन्धमा धितोपत्र दलालहरुको दायित्व" विषयक १ दिने अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले सन् २०२० मा हुन लागेको पारस्परिक मूल्यांकनमा मुलुकको AML/CFT प्रणालीमा सम्बद्ध सम्पूर्ण निकायहरुको कार्य तथा कानुन कार्यान्वयनको पाटो विशेष रुपमा हेरिने भएकोले धितोपत्र बजारका सञ्चालकहरुले समेत आफ्नो क्षेत्रबाट विशेष योगदान पुऱ्याउनु पर्ने कुरामा जोड दिनुभयो । उहाँले धितोपत्र बोर्डबाट समयानुकूल निर्देशिका जारी गरी AML/CFT कार्यान्वयनको अभियानमा ऐन, नियम र निर्देशनमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न सहयोग गर्नुपर्नेमा प्रकाश पार्नुभयो ।

सोही कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले गैरकानुनी माध्यमबाट आर्जन गरिएको सम्पत्तिको स्थानान्तरणको सिलसिलामा मुद्रा बजारको साथै पुँजी बजारमा समेत जोखिमको मात्रा अधिक रहने हुँदा धितोपत्र कारोबारमा संलग्न सबै पक्ष उत्तिकै चनाखो रहनु पर्ने विचार व्यक्त गर्नुभयो । उहाँले नेपालको पुँजी बजारको माध्यमबाट हुनसक्ने गैरकानुनी सम्पत्तिको प्रवेश रोक्न धितोपत्र बोर्डले विभिन्न नीति, नियम एवम् निर्देशिका जारी गरेको र यस विषयमा भविष्यमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा वित्तीय जानकारी एकाइका उपनिर्देशक श्यामकृष्ण दाहालले "AML/CFT Risk and STR/TTR Reporting अवस्था" र नेपाल धितोपत्र बोर्डका निर्देशक मुक्तिनाथ श्रेष्ठले "AML/CFT कार्यान्वयनका सम्बन्धमा धितोपत्र दलालहरुको दायित्व" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन का. मु. सहायक निर्देशक युवराज दाहालले गर्नु भएको थियो ।

नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले फागुन १५ गते काठमाडौंमा नियमनकारी निकाय तथा इजाजतपत्र प्राप्त मनि ट्रान्सफर कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरुको सहभागितामा १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नु हुँदै विदेशी विनिमय व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक सुनिल उदासले गैरकानुनी रुपमा आर्जित सम्पत्ति तहकीकरण (Placement) गर्ने सरल उपायको रुपमा मनि ट्रान्सफरको प्रयोग हुन सक्ने जोखिम उच्च रहेको कारण सम्पूर्ण मनि ट्रान्सफर कम्पनीहरुले यस सम्बन्धमा चनाखो रहेर आफ्ना कारोबार सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । मनि ट्रान्सफर सम्बन्धी कारोबार सञ्चालन गर्दा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनहरुको पूर्ण रुपले परिपालन गर्नु पर्ने र सोको पालना नभएको पाइएमा कानुन बमोजिम कारवाही गरिने तर्फ उहाँले जोड दिनुभयो ।

सोही कार्यक्रममा वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले विभिन्न गैरकानुनी तथा आर्थिक अपराधजन्य कसुरबाट आर्जन गरेको सम्पत्ति मनि ट्रान्सफरको बाटो हुँदै देशको औपचारिक अर्थतन्त्रमा भित्रने जोखिम उच्च रहेको कारणले यस सम्बन्धमा सबै रेमिटान्स कम्पनीहरुले कारोबारहरुको सूक्ष्म विश्लेषण गरी वित्तीय जानकारी एकाइलाई प्रदान गर्नुपर्ने सूचना एवम् विवरणहरु समयमा नै पेश गर्न निर्देशन दिनुभयो । साथै सन् २०२० मा हुने पारस्परिक मूल्यांकनमा नेपालको प्रभावकारिता अभिवृद्धि गर्न रेमिटान्स कम्पनीहरुले खेल्नु पर्ने भूमिकाको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

कार्यक्रममा वित्तीय जानकारी एकाइका उपनिर्देशकद्वय देवेन्द्र गौतम र शरणकुमार अधिकारीले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा मनि ट्रान्सफर कम्पनीहरुको दायित्व लगायत नेपाल तथा अन्य देशहरुमा मनि ट्रान्सफर मार्फत सम्पत्ति शुद्धीकरण हुने तरिका तथा उपायहरु सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

नेपाल रेमिटर्स एशोसिएशनका अध्यक्ष दिवाकर थापाले AML/CFT विषयको सन्दर्भमा मनि ट्रान्सफर कम्पनीहरुले निर्वाह गर्नु पर्ने दायित्व बारे प्रकाश पार्नु हुँदै मनि ट्रान्सफर कम्पनीका सम्पूर्ण कर्मचारीहरु समेत समावेश हुने गरी बृहत कार्यक्रम आयोजना गर्नुपर्ने विचार व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक विनय सिग्देलले गर्नु भएको थियो ।

## सहायक निर्देशक चौलागाईंलाई विद्यावारिधि

सहायक निर्देशक रमेशप्रसाद चौलागाईंले विद्यावारिधि उपाधि प्राप्त गर्नु भएको छ । Measuring Financial Literacy of Small Borrowers in Nepal विषयक शोध ग्रन्थका लागि उहाँले काठमाडौं विश्वविद्यालयबाट सो उपाधि प्राप्त गर्नु भएको हो ।

नेपाल राष्ट्र बैंक समाचार उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।



# Web Based कम्प्युटर सफ्टवेयर प्रशिक्षण

नेपाल राष्ट्र बैंक, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजनाले माघ १३ गते तथा १६ गते नेपाल राष्ट्र बैंक जनकपुर तथा भैरहवामा २४ जिल्लाहरुबाट मूल्य संकलन गर्न छानिएका ४९ जना थोक मूल्य संकलक शिक्षकहरुलाई एक दिने प्रशिक्षण प्रदान गर्ने कार्यक्रम सम्पन्न गऱ्यो ।



कार्यक्रमको प्रमुख उद्देश्य आधार वर्ष मूल्य सहज रुपमा कम्प्युटरमा प्रविष्ट गरी निर्धारित समयमा रिपोर्टिङ्गको लागि मूल्य संकलक शिक्षकहरुलाई प्रशिक्षण प्रदान गर्नु रहेको थियो । उक्त कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक रामप्रसाद गौतम तथा भैरहवा कार्यालयका निर्देशक अशोककुमार पौडेलले मूल्य संकलन कार्यको उद्देश्य तथा महत्वबारे मन्तव्य दिनु भएको थियो । अनुसन्धान विभागका निर्देशक तथा आयोजना प्रमुख डा. प्रकाशकुमार श्रेष्ठले मूल्य सूचकाङ्कको परिचय, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजनाले तयार पारेको वस्तु डालो, हाल निर्माण गरिएको वस्तु डालोको विद्यमान वस्तु डालोसँग तुलना, मूल्य संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उपनिर्देशक सुशिल पौडेलले थोक आधार वर्ष मूल्य संकलन तथा Web Based Software Posting सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै Software Posting सम्बन्धमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभएको थियो ।

# विराटनगरमा छलफल तथा अन्तरक्रिया

विराटनगर कार्यालयले फागुन २१ गते कार्यालयको सभाहलमा विराटनगर क्षेत्रका मनिचेन्जरका संचालक तथा प्रतिनिधिहरुसँग समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया गऱ्यो ।



उक्त अन्तरक्रिया कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले मनिचेन्जरहरु कम्पनी ऐन अन्तर्गत दर्ता भएको हुनाले तोकिएको चुक्ता पुँजी जुनसुकै समयमा पनि लेखामा देखिनुपर्ने, खरीद र बिक्री गरेको व्यक्तिको पहिचान उल्लेख गर्नुपर्ने, सुरक्षाको दृष्टिकोणले सिसिटिभी जडान गर्नुपर्ने लगायतका कुरामा जोड दिनुभयो । उहाँले अवैध कारोबार नगर्न र त्यस्ता कारोबारप्रति सचेत र सजग हुन आग्रह पनि गर्नुभयो । साथै, सहभागीहरुले औंल्याएका समस्याहरु समाधानका लागि सक्दो पहल गर्ने कुरा पनि व्यक्त गर्नुभयो ।

सोही कार्यक्रममा विराटनगर कार्यालयका का. मु. उपनिर्देशक दिपेन्द्रप्रसाद पोखरेलले स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका वित्तीय क्षेत्रसँग सम्बन्धित समाचारका सम्बन्धमा मनिचेन्जरहरुको ध्यानाकर्षण गराउनु भएको थियो । सहभागी मनिचेन्जरहरुले कारोबारको क्रममा भोग्नु परेका साझा समस्याहरु राखेका थिए। कार्यक्रममा विराटनगरका स्थानीय २१ वटा मनिचेन्जरहरुको सहभागिता रहेको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम

विराटनगर कार्यालयमा फागुन २५ गते अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले वित्त नीति र मौद्रिक नीति विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



ज्ञान आदानप्रदान कार्यक्रम अन्तर्गत प्रस्तुत गरिएको सो वार्तामा निर्देशक डा. श्रेष्ठले वित्त नीतिका सैद्धान्तिक पक्षहरु तथा उद्देश्य, उपकरणहरु, सरकारी खर्च तथा राजस्व, बजेट तथा घाटा बजेट पूरा गर्ने स्रोत, सरकारी ऋणको प्रभाव, नेपालको वित्त नीतिका प्रमुख परिसूचक एवम् वित्तीय संघीयता कार्यान्वयन सम्बन्धमा भएको व्यवस्था आदिका बारेमा जानकारी दिनुभयो । उहाँले मौद्रिक नीतिको सैद्धान्तिक पक्ष, उद्देश्य, रणनीति, उपकरण, प्रसारण संयन्त्र लगायतका विषयमा पनि प्रकाश पार्नुभयो । साथै, उहाँले कार्यक्रममा उठेका जिज्ञासा तथा प्रश्नहरुलाई पनि सम्बोधन गर्नुभयो ।

उक्त कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले ज्ञान आदानप्रदान कार्यक्रमले कर्मचारीहरुको बौद्धिक क्षमता विकास हुने र त्यसको प्रभावकारी उपयोगबाट संस्थाको आफ्ना उद्देश्य हासिल गर्न सहयोगी हुने तथा कर्मचारीहरु बीच केन्द्रीय बैंकको भूमिका र कार्यहरुको बारेमा सैद्धान्तिक बुझाइको स्तरमा पनि बढोत्तरी आउने विश्वास व्यक्त गर्दै यस्ता कार्यक्रमहरु भविष्यमा पनि गरिने बताउनु भएको थियो ।

# जनकपुरमा निर्देशक गौतमको बिदाई

जनकपुर कार्यालयबाट बैंकिङ कार्यालय, काठमाडौंमा सरुवा हुनुभएका निर्देशक रामप्रसाद गौतमको सम्मानमा जनकपुर कार्यालयले फागुन ८ गते बिदाई कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा निर्देशक गौतमलाई उपनिर्देशक माधव दंगालले कार्यालयको तर्फबाट मायाको चिनो प्रदान गरी बिदाई गर्नुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक गौतमले जनकपुर कार्यालयमा बसेर कार्य गर्ने चाहना हुँदाहुँदै पनि विशेष परिस्थितिका कारण सरुवा भएको कुरा बताउनु भयो । सरुवा भएर गए पनि आपसी सम्बन्ध कायम रहिरहने चर्चा गर्दै उहाँले कार्यालयका सबै कर्मचारीहरुको साथ सहयोगले छोटो समयमै कार्ययोजनाका कार्यहरु समय तालिका अनुसार सम्पन्न गर्न सकिएको बताउनु भयो ।

कार्यालयको तर्फबाट बिदाई मन्तव्य व्यक्त गर्दै उपनिर्देशक दंगालले नेपाल राष्ट्र बैंक जस्तो गरिमामय संस्थाको मान, मर्यादा र प्रतिष्ठा कायम हुने गरी सबै कर्मचारीहरुले कार्य सम्पादन गर्नु पर्ने बताउनु भयो। सरुवा हुनुभएका निर्देशक गौतम सरल र मिलनसार व्यक्तित्वका धनी भएको चर्चा गर्दै उहाँले कर्मचारीहरुबीच पारिवारिक वातावरण सिर्जना गरेर गुणस्तरीय कार्य सम्पादन गर्ने क्षमता निर्देशक गौतममा रहेको धारणा राख्नुभएको थियो । उपनिर्देशक वासुदेव भट्टराईले निर्देशक गौतमको नेतृत्वमा कार्यालयको कार्ययोजना बमोजिमका कार्य सम्पादनले गति लिएको बताउनु भयो ।



कार्यालयका अर्का उपनिर्देशक प्रल्हाद गिरीका साथै अन्य अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा कर्मचारी युनियनहरुको तर्फबाट नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका उपाध्यक्ष शिवनारायण झाले मन्तव्य व्यक्त गर्नुभएको थियो। सहायक निर्देशक रामकाजी खाइजूले उक्त कार्यक्रम सञ्चालन गर्नु भएको थियो। साथै, उहाँले दुई वटा विदाई मुक्तक पनि वाचन गर्नुभएको थियो ।

# वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम

विराटनगर कार्यालयले तेह्रथुम जिल्लाको म्याङ्लुङ नगरपालिका वार्ड नं. ६, जिरीखिम्ती बजारस्थित श्री कालिका माध्यमिक विद्यालयमा फागुन ११ गते वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम आयोजना गऱ्यो ।




सो कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले वित्तीय सचेतना, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, ग्राहक पहिचान जस्ता विषयहरुमा प्रकाश पार्नुभयो । सहायक निर्देशक पोष्टराज निरौलाले वित्तीय साक्षरताका विभिन्न पक्षहरु जस्तै बचत, कर्जा, विप्रेषण, विदेशी विनिमय, बैंकिङ कारोबारमा सूचना प्रविधिको उपयोग, शेयर कारोबार, नेपाल राष्ट्र बैंक तथा अन्य बैंक बीचको अन्तरसम्बन्ध साथै वर्तमान आर्थिक परिसूचक सम्बन्धमा प्रस्तुति दिनुभयो ।

उक्त कार्यक्रममा जिरीखिम्ती बजारस्थित विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरु, स्थानीय सुरक्षा निकायका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धकहरु, स्थानीय बुद्धिजीवी, व्यापारी तथा उद्योगीहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा जिल्ला शिक्षा अधिकारी कृष्णप्रसाद पोखरेलका साथै शिक्षकहरुका तर्फबाट भगवती मा. वि. का प्रधानाध्यापक मानबहादुर कटुवाल, व्यापारीहरुका तर्फबाट यादव दाहाल, बैंकर्सहरुबाट नेपाल बैंक लिमिटेड, म्याङ्लुङका शाखा प्रबन्धक यमनाथ दाहालले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

उक्त कार्यक्रमका सहभागीहरुले वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम निकै उपयोगी भएको तथा यस्ता कार्यक्रमले जिल्लाका सर्वसाधारणलाई बैंकिङ बानीको विकास गराउन ठुलो प्रेरणा मिलेको विचार राख्दै कार्यक्रमको प्रशंसा गरेका थिए । ग्रामीण क्षेत्र र समुदायमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार भएमा बैंकिङ सेवा प्राप्त गर्न सहज हुने धारणा पनि उनीहरुले राखेका थिए ।

# बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंकले वार्षिक एवम् अर्धवार्षिक रुपमा सम्पादन गर्दै आइरहेको बैंकिङ एवम् आर्थिक गतिविधि अध्ययनको उद्देश्य, महत्व तथा आवश्यकतालाई समेटी प्रदेश नं. ७ अन्तर्गतको डोटी जिल्लाको सदरमुकाम सिलगढीमा बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रम फागुन २३ गते सम्पन्न भयो ।



उक्त कार्यक्रममा धनगढी कार्यालयका निर्देशक किरण पण्डितले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा प्रकाश पार्दै नेपाल राष्ट्र बैंकले सरोकारवालाहरुलाई सक्दो सहयोग र समन्वय गर्ने तथा सरोकारहरुवालाबाट सहयोगको अपेक्षा समेत रहेको बताउनु भयो । उपनिर्देशक दीर्घबहादुर रावलले कार्यक्रमको उद्देश्य र आवश्यकताका सम्बन्धमा प्रकाश पार्दै कार्यपत्र प्रस्तुत गर्नुभयो । सहभागीहरुका तर्फबाट डोटी जिल्ला होटल व्यावसायी संघका अध्यक्ष दिपकबहादुर खड्काले डोटी जिल्लामा आर्थिक गतिविधि बढाउनमा नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो ।

धनगढी कार्यालयको आयोजनामा सम्पन्न भएको तथा प्रदेश संरचनामा तथ्याङ्क कसरी र कहाँबाट लिने भन्नेबारे समेत छलफल भएको उक्त कार्यक्रममा जिल्लाका सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्योग बाणिज्य संघ, पर्यटन तथा होटल व्यवसायीहरुको प्रतिनिधित्व रहेको थियो ।

# जनकपुरमा बैंक तथा वित्तीय संस्थासँग अन्तरक्रिया

जनकपुर कार्यालयले जनकपुर उपमहानगरपालिका भित्र संचालित बैंक तथा वित्तीय संस्थासँग फागुन ११ गते एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कायम मुकायम निर्देशक माधव दंगालको सभापतित्वमा भएको उक्त कार्यक्रममा आर्थिक गतिविधि अध्ययनसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको सम्प्रेषण, नीतिगत तहमा तिनको महत्व, नेपाल राष्ट्र बैंकमा रकम दाखिला गर्न ल्याउँदा अपनाउनु पर्ने न्यूनतम सुरक्षा, नोट सर्टिङ, लेबलिङ र हिसाब मिलान जस्ता विषयमा छलफल भयो ।

दश लाखसम्मको नगद भुक्तानी बारे सेवाग्राहीहरूमा जनचेतना बढाउने कार्यक्रम संचालन गर्नुपर्ने, निक्षेप सङ्कलन र कर्जाका ग्राहक लिने सन्दर्भमा लागि आवश्यक रकम सम्बन्धमा पनि सो अन्तरक्रियामा छलफल भयो ।

छलफलमा सहभागीहरूले उठाएका जिज्ञासा तथा समस्याबारे समाधानका लागि आवश्यक कदम चाल्ने र नियमित सम्वादका माध्यमबाट बैंक तथा वित्तीय संस्थालाई पर्ने अप्ठ्याराहरूलाई निराकरण गर्न नेपाल राष्ट्र बैंक प्रयासरत रहने कुरा कायम मुकायम निर्देशक माधव दंगालले बताउनु भयो । आर्थिक गतिविधि अध्ययनसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको सम्प्रेषण सम्बन्धमा बैंकिङ विकास तथा अनुसन्धान एकाइका उपनिर्देशक प्रल्हाद गिरीले स्पष्ट पार्नुभयो । उहाँले आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा बैंक तथा वित्तीय सस्थाहरुले भरपर्दो तथ्याङ्क समयमा उपलब्ध गराइदिन आग्रह गर्नुभयो ।



सहायक निर्देशक बद्री नेपालले सञ्चालन गर्नुभएको उक्त अन्तरक्रिया कार्यक्रममा विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा वाणिज्य बैंकहरुका शाखा प्रमुख/प्रतिनिधिहरु गरी ४० जनाको सहभागिता रहेको थियो ।

बैंकहरूबीच भएको अस्वस्थ प्रतिस्पर्धा, नक्कली नोटको प्रचलन, सरकारी कारोबार गर्ने बैंकहरुको ढुकुटीको सीमा बढाउनुपर्ने, अनुमति नलिएका संस्थाहरूले बैंक तथा वित्तीय संस्था सरह बैंकिङ कार्य गर्न नहुने साथै विदेश भ्रमणमा जाँदा पासपोर्ट सुविधा वापत प्राप्त गर्न सकिने परिवर्त्य विदेशी मुद्रा प्रदान गर्नका



# अवकाश

मुद्रा व्यवस्थापन विभागका उपनिर्देशकहरु अनिलकुमार खनाल, पुन्यप्रसाद बराल र भैरवराज पन्त साथै सहायक निर्देशकहरु प्रकाश घिमिरे, रवि भण्डारी र नविनबिक्रम शाहले सेवाबाट अवकाश पाउनु भएको छ । सोही विभागका उपप्रधान चालक गोविन्द महर्जनले पनि अवकाश पाउनु भएको छ।

बैकिङ कार्यालयका उपनिर्देशकहरु सुमनकुमार अर्याल र सागरचन्द्र गौतमका साथै सहायक निर्देशकहरु अशोककुमार अर्याल, उमेशकुमार अधिकारी, रमेशकृष्ण खरेल, संजिवकुमार राउत, नर्बदा राउत (धमला), जीतबहादुर थापा र सिर्जना रेग्मीले सेवाबाट अवकाश पाउनु भएको छ।

उपनिर्देशकहरु सामान्य सेवा विभागका मीनाकुमारी ढकाल कोइराला, पोखरा कार्यालयका भरतराज आचार्य र रितुनाथ लम्साल तथा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका यमबहादुर सुर्खालीका साथै सहायक निर्देशकहरु सामान्य सेवा विभागका भुवन शिल्पाकार, जनकपुर कार्यालयका उदयकुमार मण्डल, बिराटनगर कार्यालयका राधिका गुरागाईं र कुमारप्रसाद सत्याल, पोखरा कार्यालयका भोलाप्रसाद पराजुली, खिमबहादुर थापा र रामजीप्रसाद अधिकारीले सेवाबाट अवकाश पाउनु भएको छ।

टक्सार महाशाखाका मेकानिकल सुपरभाइजरहरु अम्मरबहादुर जि.सी., भगत खत्री, कान्छा महर्जन र तिर्थनारायण महर्जनले सेवाबाट अवकाश पाउनु भएको छ।

नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा ३० बर्ष सेवा अवधि पूरा भएपछि अनिवार्य अवकाश हुनुपर्ने प्रावधान रहे अनुसार उहाँहरु सबैले अवकाश पाउनु भएको हो।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०७४/७५ को सात महिनाको तथ्याङ्कमा आधारित)**

## आर्थिक परिदृश्य

कृषि क्षेत्रको उत्पादन वृद्धि अघिल्लो वर्षको तुलनामा कम रहने अनुमान छ । केही जलविद्युत आयोजनाहरुको निर्माण सम्पन्न भएकाले औद्योगिक क्षेत्रको क्षमता उपयोगमा वृद्धि भई समग्र आर्थिक गतिविधि विस्तारमा सहयोग पुग्ने देखिन्छ । नेपालमा आउने पर्यटकको संख्या तथा होटलमा भएको लगानी वृद्धिले समग्र अर्थतन्त्रमा सकारात्मक योगदान पुर्‍याउने देखिन्छ । सिमेन्ट तथा जलविद्युत उत्पादनका आयोजनाहरुमा प्रत्यक्ष वैदेशिक लगानी बढेको छ । तीनै तहको निर्वाचन सम्पन्न भई सरकार समेत गठन भइसकेकाले निजी क्षेत्रको लगानीको लागि सहज वातावरण सृजना भएको छ । यी विकासक्रमकहरुको परिणामस्वरुप २०७४/७५ मा सन्तोषप्रद आर्थिक वृद्धिको परिदृष्य रहने देखिन्छ।

हालैका महिनाहरुमा उपभोक्ता मुद्रास्फीति दरमा बढ्ने प्रवृत्ति देखिए तापनि यस वर्षको औसत मुद्रास्फीति वार्षिक प्रक्षेपणभन्दा न्यून नै रहने अनुमान छ । वित्तीय अवस्था केही कसिलो रहिरहेको छ । बढ्दो चालू खाता घाटासँगै समग्र शोधनान्तर स्थिति ऋणात्मक रहेका कारण विदेशी मुद्रा सञ्चितीमा केही कमी आएकोले वित्तीय अवस्था कसिलो भएको हो । आगामी दिनमा सरकारी खर्चमा आउने वृद्धिले विद्यमान वित्तीय अवस्थामा सुधार हुदैं जाने देखिन्छ ।

## मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५ प्रतिशत कायम भएको छ। खाद्य मुद्रास्फीति ४ प्रतिशत रहेको छ । गैरखाद्य मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैरखाद्य मुद्रास्फीति ६.१ प्रतिशत रहेको थियो । क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति तराईमा ५.६ प्रतिशत, हिमालमा ५.४ प्रतिशत, पहाडमा ५.१ प्रतिशत र काठमाडौं उपत्यकामा ४ प्रतिशत रहेको छ।

नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५ प्रतिशत र भारतको ४.४ प्रतिशत रहेकाले यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ०.६ प्रतिशत रहेको छ।

वार्षिक बिन्दुगत थोक मुद्रास्फीतिदर २.२ प्रतिशत रहेको छ । थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ०.१ प्रतिशतले ऋणात्मक रहेको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशत तथा आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क ४.५ प्रतिशतले वृद्धि भएको छ।

## वैदेशिक व्यापार/मूल्य सूचकाङ्क

कुल वस्तु निर्यात १२.९ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ६२ करोड पुगेको छ। भारततर्फ १२.४ प्रतिशत, चीनतर्फ ७२.३ प्रतिशत र अन्य मुलुकतर्फ १० प्रतिशतले निर्यात बढेको छ। कुल वस्तु आयात १८.९ प्रतिशतले बढेर रु. ६६१ अर्ब २३ करोड पुगेको छ। भारतबाट भएको आयात १८.७ प्रतिशत, चीनबाट भएको आयात १९.७ प्रतिशत र अन्य मुलुकबाट भएको आयात १८.९ प्रतिशतले बढेको छ । कुल वस्तु व्यापार घाटा १९.४ प्रतिशतले बढी रु. ६१३ अर्ब ६० करोड पुगेको छ। निर्यात-आयात अनुपात ७.२ प्रतिशत रहेको छ।

भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १.२ प्रतिशतले घटेको र आयात मूल्य सूचकाङ्कमा १.९ प्रतिशतले वृद्धि भएकोले व्यापारको सर्त (Terms of Trade) मा ३.१ प्रतिशतले ह्रास आएको छ।

क्रमश: ११ पेजमा

१० पेजको बाँकी

## सेवा तथा विप्रेषण आप्रवाह

कुल सेवा आयमा ९.६ प्रतिशत र कुल सेवा खर्च १९.२ प्रतिशतले बढेको कारण खुद सेवा आय रु. २ अर्ब ८२ करोडले घाटामा गएको छ। सेवा खाता अन्तर्गत पर्यटन आय समीक्षा अवधिमा २६.५ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ७८ करोड पुगेको छ।

विप्रेषण आप्रवाह १.७ प्रतिशतले वृद्धि भई रु. ४०१ अर्ब ३५ करोड पुगेको छ । खुद ट्रान्सफर आयमा भने ३.० प्रतिशतले कमी आई रु. ४६० अर्ब ८५ करोडमा सीमित भएको छ। श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या (पुन: श्रम स्वीकृति बाहेक) ४.९ प्रतिशतले घटेको छ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

चालू खाता रु. १४१ अर्ब ६ करोडले घाटामा रहेको छ । समग्र शोधनान्तर रु. १८ अर्ब २८ करोडले घाटामा रहेको छ । पुँजीगत ट्रान्सफर रु. १० अर्ब ६४ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १४ अर्ब ३४ करोड पुगेको छ।

## विदेशी विनिमय/सञ्चिति पर्याप्तता

कुल विदेशी विनिमय सञ्चिति २.८ प्रतिशतले कमी आई रु. १०४९ अर्ब २० करोड पुगेको छ । नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति १ प्रतिशतले वृद्धि भई रु. ९३६ अर्ब २१ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २५.७ प्रतिशतले कमी आई रु. ११२ अर्ब ९९ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७४/७५ को सात महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ११.३ महिनाको वस्तु आयात र ९.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमश: ४०.४ प्रतिशत, ८१.९ प्रतिशत र ३७.६ प्रतिशत रहेका छन्।

## सरकारी बजेटा/खर्च/राजस्व/मौज्दात

नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. २६ अर्ब ४७ करोडले घाटामा रहेको छ । नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. ४२८ अर्ब ८८ करोड पुगेको छ । चालू खर्च रु. ३४९ अर्ब ७५ करोड पुगेको छ । पुँजीगत खर्च २८ प्रतिशतले बढेर रु. ६० अर्ब ८ करोड भएको छ । नेपाल सरकारको कुल राजस्व सङ्कलन १९.५ प्रतिशतले वृद्धि भई रु. ३८१ अर्ब ३४ करोड पुगेको छ । सरकारी ढुकुटीमा (स्थानीय तहको खातामा जम्मा भएको रकम रु. ८४ अर्ब ३५ करोड समेत) रु. ३०१ अर्ब ६४ करोड नगद मौज्दात कायम रहेको छ।

## मुद्राप्रदाय तथा कुल आन्तरिक कर्जा

विस्तृत मुद्राप्रदाय ७.७ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको छ । खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १८ अर्ब २८ करोड (१.८ प्रतिशत) ले घटेको छ । सञ्चित मुद्रा ५.२ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा सञ्चित मुद्रा ९.२ प्रतिशतले बढेको छ।

कुल आन्तरिक कर्जा ९.२ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो कर्जा २०.५ प्रतिशतले बढेको छ । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १४.१ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १६.७ प्रतिशतले बढेको छ।

## निक्षेप संकलन तथा कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ६.८ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ११.८ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमश: ८.२ प्रतिशत, ३६.६ प्रतिशत र ४३.९ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४४ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.५ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह १३.२ प्रतिशत, विकास बैंकहरूको १८.८ प्रतिशत र वित्त कम्पनीहरूको ४.८ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १६.७ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१.५ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.६ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ६१.८ प्रतिशत (रु.३९ अर्ब ८६ करोड) ले वृद्धि भई रु. १०४ अर्ब ३९ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित हायर पर्चेज कर्जा ८.४ प्रतिशतले तथा ओभरड्राफ्ट कर्जा १०.९ प्रतिशतले बढेको छ। रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १०.७ प्रतिशतले बढेको छ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७४/७५ को सात महिनासम्ममा खुलाबजार कारोबारका विभिन्न उपकरणहरूमार्फत् पटक-पटक गरी रु. १३० अर्ब २५ करोड तरलता प्रशोचन गरिएको छ। निक्षेप संकलन बोलकबोलमार्फत् रु. ४२ अर्ब ३५ करोड, ब्याजदर करिडोर अन्तर्गतको चौध

क्रमश: अन्तिम पेजमा

११ पेजको बाँकी

दिने निक्षेप संकलन बोलकबोलमार्फत् रु. ३ अर्ब १५ करोड, र रिभर्स रिपोमार्फत् रु. ८४ अर्ब ७५ करोडको तरलता प्रशोचन भएको छ।

नेपाल राष्ट्र बैंकले ब्याजदर करिडोर अन्तर्गतको १४ दिने रिपो बोलकबोलमार्फत् रु. ५४ अर्ब ५ करोड र सोझै खरिद बोलकबोलमार्फत् रु. ३६ अर्ब ३५ करोड गरी कुल रु. ९० अर्ब ४० करोड तरलता प्रवाह गरेको छ। बैंक तथा वित्तीय संस्थाले रु. २४ अर्ब ८ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका छन्।

नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ३१ करोड खुद खरिद गरी रु. २३८ अर्ब ३८ करोड खुद तरलता प्रवाह गरेको छ। अमेरिकी डलर २ अर्ब ७२ करोड र युरो ४ करोड बिक्री गरी रु. २८४ अर्ब ७९ करोड बराबरको भा.रु. खरिद भएको छ।

## पुनरकर्जा

उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग अन्तर्गत रु. ११ अर्ब ८४ करोड यस बैंकले प्रदान गरेको पुनरकर्जा लगानीमा रहेको छ।

भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजदरमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत रु. १ अर्ब २७ करोड ९१ लाख पुनरकर्जा उपयोगमा रहेको छ।

नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदानमा प्रवाह गरिने कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा ६२०३ जनाले उपयोग गरेका छन्। यस अन्तर्गत रु. ६ अर्ब ९१ करोड कर्जा बक्यौता रहेको छ भने रु. ३३ करोड ७३ लाख ब्याज अनुदान प्रदान गरिएको छ।

## अन्तर-बैंक कारोबार तथा ब्याजदर

वाणिज्य बैंकहरूले रु. ६९४ अर्ब १६ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. १४ अर्ब ३८ करोडको अन्तर-बैंक कारोबार गरेका छन्।

९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३.९३ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ४.३१ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर १०.१९ प्रतिशत पुगेको छ।

## मर्जर/प्राप्ति तथा वित्तीय पहुँच

यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् कुल १५८ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये ११८ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ४० संस्था कायम भएका छन्।

संघीयता कार्यान्वयनको क्रममा गठन भएका ७५३ स्थानीय तहहरूमध्ये ३७४ स्थानीय तहहरूमा वाणिज्य बैंकहरूको उपस्थिति रहेको छ।

## पुँजी बजार

नेप्से सूचकाङ्कमा वार्षिक बिन्दुगत आधारमा १३८०.३ बिन्दुमा पुगेको छ। धितोपत्र बजार पुँजीकरण वार्षिक बिन्दुगत आधारमा रु. १,६१४ अर्ब १७ करोड कायम भएको छ। आर्थिक वर्ष २०७३/७४ को अनुमानित कुल गार्हस्थ्य उत्पादनसँग पुँजीकरणको अनुपात ६२.१ प्रतिशत रहेको छ। बजार पुँजीकरणमा बैंक, वित्तीय संस्था र बीमा कम्पनीहरूको अंश ८१.१ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ४.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.७ प्रतिशत, होटलहरूको १.७ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ९.७ प्रतिशत रहेको छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या १९२ रहेको छ। सूचीकृत कम्पनीहरूमध्ये १४५ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, १७ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ४ वटा अन्य समूहका रहेका छन्।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरहरूको चुक्ता मूल्य वार्षिक बिन्दुगत आधारमा रु. ३३३ अर्ब ७ करोड पुगेको छ। रु. १६ अर्ब ६२ करोड बराबरको साधारण शेयर, रु. २६ अर्ब ३२ करोड बराबरको हकप्रद शेयर, रु. १० अर्ब ४३ करोड बराबरको बोनस शेयर र रु. ३५ अर्ब १४ करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रु. ८९ अर्ब १२ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छ।

## निधन

संस्थागत योजना विभागका उपनिर्देशक गोकुल कार्की र बैंकिङ कार्यालयका उपप्रधान चालक कृष्ण नकर्मीको निधन भएको छ। नेपाल राष्ट्र बैंक समाचार शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
शम्भुनाथ ढुङ्गाना

*सम्पादन सहयोगी*
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६